


## घर भत्किई हानी, नोक्सानी भएकोमा घरधनीले दायित्व बेहोर्नुपर्ने

- कुनै पनि घर निर्माण हुँदै गर्दा वा निर्माण भइसकेको घर पूरै अथवा आंशिक रूपमा भत्केर कसैलाई कुनै किसिमको हानी, नोक्सानी भएमा सम्बन्धित घरधनीले बेहोर्नुपर्छ ।

Helpar को सन्दर्भमा (B.K.)



## अनधिकृत प्रवेश

- कसैको सम्पत्तिमा अनाधिकृत प्रवेश गरेको कारणले भएको हानी, नोक्सानी बापत अनाधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व बेहोर्नुपर्छ।

## पशुले गरेको हानी, नोक्सानी बापत पशुधनीले दायित्व बेहोर्नुपर्नेः



- आफूले पालेको पशुले कसैलाई हानी, नोक्सानी पुऱ्याएमा त्यसको दायित्व पशुधनीले बेहोर्नुपर्छ।

तर निम्न अवस्थामा पशुधनीले दायित्व बेहोर्नु पर्दैन:

१) पशुधनीले सुरक्षात्मक उपाय अपनाई पशुलाई नियन्त्रणमा राखेको अवस्थामा,

२) नोक्सानी पुगेको व्यक्तिकै काम, त्रुटी वा हेलचेक्रयाइँबाट हानी, नोक्सानी पुग्न गएमा





# दुष्कृति

Japan International Cooperation Agency JICA

## दुष्कृति भनेको के हो ?

दुष्कृति एक प्रकारको गल्ती हो जसमा कसैले कसैको निजी कानूनी अधिकार को उल्लङ्घन गरेको हुन्छ । त्यस्तो गल्ती गर्ने व्यक्तिले दायित्व वहन गर्नु पर्दछ। त्रुटी, लापरवाही वा हेलचक्रयाइँबाट गरेको कुनै काम अथवा अकर्मण्यता (कसैले गर्नुपर्ने काम नगरेको) को कारणले कसैलाई क्षति वा कसैको जीउ, ज्यान वा सम्पत्तिमा हानी, नोक्सानी हुन गएमा त्यस्तो हानी पुऱ्याउने व्यक्तिले दायित्व वहन गर्नुपर्छ।



उदाहरणका लागि:- कुनै व्यक्तिले आफ्नो बगैंचाको रुख काट्दा छिमेकीको घरमा क्षति पुऱ्याएमा वा छिमेकी घाइते भएमा त्यस्तो बगैंचाधनीले छिमेकीको घरमा पुगेको क्षतिको क्षतिपूर्ति गर्नुपर्छ । घाइते छिमेकीको औषधोउपचार खर्च पनि बेहोर्नुपर्छ।



दुष्कृतिको उपचार क्षतिपूर्तिद्वारा प्रदान गरिन्छ।



पीडितले माग गरेमा अदालतले गल्ती गर्नेलाई मुनासिब क्षतिपूर्ति भर्न लगाउन सक्छ। त्यसरी भर्न लगाइने क्षतिपूर्ति, रकम वा वस्तु वा सेवा जस्तो सुकै पनि हुन सक्छ। त्यस्तो क्षतिपूर्ति वास्तविक क्षति वा हानिअनुसारकै हुन्छ।




दुष्कृतिजन्य केही व्यवहारलाई देवानी कानूनअन्तर्गत र केही व्यवहारलाई फौजदारी कानूनअन्तर्गत मुद्दा चलाइन्छ।





मर्कापर्ने व्यक्तिले सो कामकारबाही भए, गरेको मितिले छ महिनाभित्र नालिस गर्नुपर्छ ।

नोटः कुनै दुष्कृतिलाई कानूनबमोजिम फौजदारी कसूर मानिएको वा त्यस्तो दुष्कृतिका सम्बन्धमा अन्य कानूनमा छुट्टै व्यवस्था भएकोमा दुष्कृतिको आधारमा दायित्व बेहोर्नु पर्दैन।





# दुष्कृति दायित्व बेहोर्नुपर्ने व्यक्ति



## आमा, बाबुले दायित्व बेहोर्नु पर्ने

- चौध वर्ष पूरा नभएको नाबालकले गरेको गल्तीवापत निजसँग बसेका आमा, बाबु र आमा, बाबु नभएमा मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्ने व्यक्ति (जस्तै संरक्षक, माथवर)ले दायित्व बेहोर्नुपर्छ ।


## संरक्षक वा माथवरले दायित्व बेहोर्नुपर्ने

- होस ठेगानमा नरहेको व्यक्तिले गरेको हानी, नोक्सानी वापत निजको संरक्षक वा माथवरले दायित्व बेहोर्नुपर्छ।



## काम लगाउने व्यक्तिले दायित्व बेहोर्नुपर्ने

- आफूले काममा लगाएको घरेलु सहायक, अन्य कामदार वा कर्मचारीले त्यस्तो कामको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैलाई हानी, नोक्सानी भएमा त्यसरी काममा लगाउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यसको दायित्व बेहोर्नुपर्छ।
- कामदार वा कर्मचारीको हेलचेक्र्याइँ वा बदनियतले गरेको काम वापतको दायित्व त्यस्तो कामदार वा कर्मचारीले बेहोर्नुपर्छ।



## घरमूलीले दायित्व बेहोर्नुपर्ने

- कुनै घरबाट कुनै किसिमको फोहोर मैला वा वस्तु फालेको कारणबाट कसैलाई कुनै किसिमको हानी, नोक्सानी भएमा सम्बन्धित घर मुली र घर परिवारमा मुख्य भई काम गर्ने मान्छेले दायित्व बेहोर्नुपर्छ।